नगर कार्यपालिकाको
बैठक संख्या: ६५, २०७९-२०८४
मिति २०८२/०७/२८ को
निर्णय प्रमाणित ........

**कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ६५, २०७९-२०८४)**

**मिति : २०८२ कार्तिक २८ गते**

**निर्णयहरु:**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. मिति २०८२/०५/२३ र २४ गतेको जेन जेड आन्दोलनको क्रममा कार्यालयमा तोडफोड, लुटपाट एवं आगजनी भई राजस्व उपशाखाबाट संकलन भएकोमा, सिस्टममा राजस्व दाखिला बाँकी देखाइरहने भएकाले राजश्वको हिसाब मिलानमा समस्या देखिएकाले न.पा तर्फका लागी राजश्व शाखा प्रमुख श्री सुशिला थापा लाई रु.७२,७५०।- र वडा नं. ८ को लागी सचिव श्री आरति गिरी लाई रु.१३,२८१।- रकम राजश्व दाखिला गर्न भैपरी आउने चालु खर्चबाट भुक्तानी दिई राजश्वको हिसाव मिलान गर्ने ।

३. मिति २०८२/०५/२३ र २४ गतेको जेन जेड आन्दोलनको क्रममा कार्यालयमा तोडफोड, लुटपाट एवं आगजनी भई महिला बालबालिका तथा समावेशीकरण उपशाखामा रहेको तिज मिलन तथा शुभकामना आदानप्रदान कार्यक्रम र १९औ राष्ट्रिय मानवबेचबिखन बिरुद्धको दिवसको अवसरमा सञ्चालित अन्तरक्रिया/ अभिमुखिकरण कार्यक्रमको कागजात जलेर नष्ट भएको हुँदा उपशाखाको टिप्पणी प्रतिवेदन तथा निवेदनका आधारमा खर्च भएको रकम भुक्तानी दिने ।

४. यस नगरपालिकाका देहायका समितिहरुको विभिन्न मितिको निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने।

क. नगर शिक्षा समितिको मिति २०८२/०७/१४ गतेको निर्णयहरु ।

ख. वातावरण संरक्षण तथा विपद व्यवस्थापन समितिको मिति २०८२/०७/२६ गतेको निर्णयहरु।

ग. भूमि सम्बन्धी अधिकार सम्पन्न समितिको मिति २०८२ असोज २८ र २०८२ कार्तिक २४ गतेको निर्णयहरु ।

५. चालु आ.ब. २०८२/०८३ का लागि सशर्त अनुदान तर्फको खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान(धान र गहुँ) कार्यक्रम बिउबिजन उत्पादन, व्यवस्थापन कार्यविधी २०८२ बमोजिम बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र श्रीमहल, ललितपुरको मिति २०८२/०५/१२ गते प्रकाशित सूचना अनुसार यस नगरपालिकामा रहेका कृषकहरुको लागि आवश्यक उन्नत गहुँको बिउको माग संकलन गरी मिति २०८२/०६/२२ गतेभित्र DESES प्रणालीमा प्रबिष्ट गर्नुपर्ने भएकाले सोही मितिसम्ममा माग संकलन गरी DESES प्रणालीमा माग गरेको र सो मिति पछि तपशिल अनुसारको गहुँको उन्नत बिउ माग भई आएको हुँदा DESES प्रणालीले तोकेको मूल्य र श्रोतकेन्द्रबाट थप गहुँको बिउ खरिद गरी कृषकहरुलाई ५० प्रतिशत अनुदानमा वितरण गर्ने ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

तपशिल

| सि.नं. | बिउ खरिद हुने श्रोत केन्द्र | गहुँको बिउको जात | परिमाण के.जी. | भुक्तानी हुने कार्यक्रमको नाम |
|---|---|---|---|---|
| १ | चितवन इन्भेष्टमेन्ट प्रा.लि. खजुरा | विजय | ४५०० | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान र गहुँ) |
| | | गौतम | १००० | |

६. आ.ब. २०८१/०८२ मा ठेक्का आव्हान भई असार मसान्तसम्म कार्य सम्पन्न हुन नसकेका मिति २०८२/०४/०२ को नगर कार्यपालिकाको बैठकको निर्णय नं. ८(क) बमोजिम आ.ब. २०८२/०८३ को श्रावण मसान्तसम्म म्याद थई कार्य सम्पन्न हुन नसकेका ठेक्का NCB सि.नं. ३, ४, ६ र ७ तथा SQ सि.नं. १ बाहेक अन्य ठेक्काहरुको तोकीएको मिति भित्रै भुक्तानीको लागि माग भई आएकोमा निजहरुको निवेदन लगायतका कागजातहरु मिति २०८२/०५/२३ र २४ गतेको जेन जी आन्दोलनका क्रममा जलेर नष्ट भएको हुँदा योजनाको भुक्तानी तथा L.D. प्रयोजनका लागी तोकिएको मितिमा निवेदन दर्ता भएको मानी आ.ब.२०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको सि.नं. ८१ र ८२ मा रहेको अधुरा अपुरा योजनाहरुको निर्माण सम्पन्न कार्यबाट भुक्तानी दिने ।

७. यस नगरपालिका अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुको बिगतदेखि नै प्रति महिना यातायात खर्च वापत जनही रु.२,०००।-(दुई हजार) का दरले उपलब्ध गराउँदै आएकोमा सो यातायात खर्च वापतको रकम चालु आ.ब. २०८२/०८३ मा मासिक रु.२,५००।- का दरले उपलब्ध गराउने ।

८. आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. २१० कव सि.नं. ६७० मा गवरिया नाला कोहलपुर नगरपालिका १५ हुनुपर्नेमा त्रुटीबश पेडारी नाला, कोहलपुर नगरपालिका १५ हुन गएकाले सो योजनाको नाम संशोधन गरी गवरिया नाला, कोहलपुर नगरपालिका १५ कायम गर्ने ।

९. कोहलपुर क्रिकेट रंगशाला संरक्षण समितिमा देहायका पदाधिकारीहरुलाई मनोनयन गर्ने।

श्री होमेन्द्र क्षेत्री - संयोजक
श्री संजय मण्डल - सदस्य
श्री गुर्तेक सिंह सोढि - सदस्य
श्री संगिन शर्मा - सदस्य
श्री सुमन गुरुङ्ग - सदस्य
श्री पुजा के.सी. - सदस्य
श्री सुनिता नेपाली - सदस्य
श्री मदन बि.क. - सदस्य
श्री सुधन ढकाल - सदस्य (पदेन सदस्य, वडा सदस्य वडा नं. ११)

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत

नगर कार्यपालिकाको
बैठक संख्या: ६५, २०७९-२०८४
मिति २०८२/०७/२८ को
निर्णय प्रमाणित ............

१०. कोहलपुर नगरपालिकाको मेला महोत्सव कार्यविधी, २०७९ (पहिलो संशोधन २०८२) स्वीकृत गर्ने।

११. कोहलपुर नगरपालिकाभित्र व्यवस्थित रुपमा स्वास्थ्य शिविरहरु सञ्चालन एवं व्यवस्थापनका लागि स्वास्थ्य शिविर सञ्चालन कार्यविधि तर्जुमा गर्न विधायन समितिलाई निर्देशन गर्ने ।

१२. कोहलपुर नगरपालिका र बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको साझेदारीमा हुने कार्यक्रमका लागि समपुरक कोषबाट आवश्यक रकम व्यवस्थापन गर्ने ।

१३. कोहलपुर नगरपालिका वडा नं. ११ मा नवनिर्मित शवदाहगृहको उदघाटन कार्यक्रममा मञ्च व्यवस्थापनका लागि आवश्यक कुर्ची टेबुल एवं टेण्ट लगायतको खर्च भैपरी आउने चालु शीर्षकबाट भुक्तानी गर्ने ।

१४. कोहलपुर नगरपालिका भित्र विधुत लाईन विस्तार तथा विधुत पोल र तारहरुको व्यवस्थापन गर्दा स्थानीय तहसँगको समन्वयमा गर्नका लागि नेपाल विधुत प्राधिकरण कोहलपुर वितरण शाखालाई पत्राचार गर्ने ।

१५. कोहलपुर नगरपालिका वडा नं. ७ को श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालयको हाता भित्र माटोपटान कार्यका लागि विद्यालय पूर्वाधार निर्माण तथा गुणस्तर अभिवृद्धि कार्यक्रम शीर्षकबाट रु. ४,००,०००।– (चार लाख) उपलब्ध गराउने ।

१६. आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. २१४ को सि.नं. ६९५ मा संघिय सरकारको शसर्त अनुदान बाट आधारभुत स्वास्थ्य चौकी वडा नं. ७ को भवन निर्माणका लागी रु. २५ लाख बजेट बिनियोजन भइ आएकोमा प्राबिधिक स्टिमेट अनुसार अपुग हुने रकम वडा कार्यालय, आधारभुत स्वास्थ्य केन्द्र तथा जेष्ठ नागरिक सेवा केन्द्रको पुर्वाधार निर्माण शिर्षकबाट भुक्तानी हुने गरी निर्माण कार्य गर्ने ।

१७. श्री स्काईलाइन बिल्डर्स एण्ड सप्लायर्स प्रा.ली. कोहलपुर ७ बाँकेले आवश्यक कागजातहरु संलग्न राखी "घ" बर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेकोमा आवश्यक प्रक्रिया पुरा भइ आएकोले उक्त श्री स्काईलाइन बिल्डर्स एण्ड सप्लायर्स प्रा.ली. कोहलपुर ७ बाँके लाई 'घ' बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।

१८. यस नगरपालिका अन्तर्गत नियमानुसार, अनुमति, कार्यदेश नलिई नदिजन्य पदार्थ एवं माटो लगायतका चीजवस्तु चोरी हुने गरेको सन्दर्भमा उक्त कार्य गरेको पाइएमा प्रथम पटक प्रति टिप्पर रु. ५०००/- प्रति ट्रयाक्टर रु. २५००/- र दोस्रो पटक प्रति टिप्पर रु. १००००/- प्रति ट्रयाक्टर रु. ५०००/- जरिवाना स्वरुप राजश्व लिने ।

लाल बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत



CamScanner

नगर कार्यपालिकाको
बैठक संख्या: ६५, २०७९/०८४
मिति २०८२/०७/२८
निर्णय प्रमाणित ..........

१९.नगरपालिकाको नाममा रहि नगरप्रहरीले QRT गस्तिको रुपमा प्रयोग हुंदै आएको भे १ ब १८१८ नम्बरको मोटरसाइकल मर्मतका लागी प्राबिधिक स्टिमेट अनुसार रु.१५०००/- (पन्ध्र हजार) आ.ब. २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १३८ को सि.नं. १७ सवारी साधन मर्मत खर्च शिर्षकबाट भुक्तानी गर्ने ।

बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत